# छात्राहरुले बीचैमा कक्षा छोड्ने कारक तत्वहरु

त्रिभूवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह द्वितीय बर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत (ED.598) को आवश्यकता पुरा गर्नको लागि प्रस्तुत गरिएको शोधपत्र


शोधार्थी

पर्शुराम सुवेदी

परीक्षा रो.नं. - २१४००३७/२०६६

त्रि.वि.द.नं. - ५६६०-९१

सुकुना वहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्यांकन विभाग

इन्द्रपुर, मोरङ


२०७०

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS



त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS



इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापित : २०४८

☎ : ०२१-५४५६१७

☎ : ०२१-५४५७१७

फ्याक्स : ०२१-५४५७१७


विषय : सिफारिस पत्र

शिक्षाशास्त्र संकाय सुकुना बहुमुखी क्याम्पस अन्तरगत पाठ्यक्रम तथा मूल्यांकन विभागको स्नातकोत्तर तह द्वितिय वर्षका विद्यार्थी श्री पर्शुराम सुवेदीले मोरङ जिल्ला अन्तरगत **माध्यमिक तहका छात्राहरुले बीचैमा कक्षा छोड्ने कारकतत्वहरु** शीर्षकको शोध पत्र मेरो सल्लाह र निर्देशनमा तयार पार्नुभएको हो । वहाँले मेहनत साथ तयार पार्नुभएको यो शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यो शोध पत्र आवश्यक मूल्यांकनकालागि सिफारीस गर्दछु ।

..............................

स.प्रा. अशोक बस्नेत

शोध निर्देशक

मिति : २०७०/    /

विषय : स्वीकृति पत्र ।

यस सुकुना बहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय अन्तरगत पाठ्यक्रम तथा मूल्यांकन विभागको स्नातकोत्तर तह द्वितिय वर्षका विद्यार्थी श्री पर्शुराम सुवेदीले प्रस्तुत गर्नु भएको मोरङ जिल्ला अन्तरगतको **माध्यमिक तहको छात्राहरुले बीचैमा कक्षा छोड्ने कारकतत्वहरु** शीर्षकको शोध मूल्यांकन गरी स्वीकृत गरिएको छ ।

**मूल्यांकन समिति**

| सि नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| ०१ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | ............................ |
| ०२ | श्री अशोक बस्नेत | शोध निर्देशक | ........................... |
| ०३ | श्री ........................... | वाह्यपरीक्षक | .............................. |

मिति : २०७०/१/१२

# कृतज्ञता ज्ञापन

यो शोधकार्य मोरङ जिल्ला अन्तर्गतका माध्यमिक तहका छात्राहरुले बीचैमा कक्षा छोड्ने कारकतत्व शिर्षकमा गरिएको छ । यस कार्यलाई सम्पन्न गर्न आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका सहायक प्राध्यापक गुरु अशोक वस्नेत ज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु। त्यस्तै यस क्याम्पसका क्याम्पस प्रमुख पित कुमार श्रेष्ठ, विभागिय प्रमुख लक्ष्मी कुमार श्रेष्ठ, भोजराज घिमिरे, केशव भट्टराई, ऋषिराम धिमाल लगायतका गुरुहरु प्रति पनि आवश्यक सल्लाह सुझावका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यसै गरी यो शोधकार्य तयार पार्न तथ्यांक संकलन गर्न सल्लाह सुझाव प्रदान गर्नु हुने सम्वन्धित विद्यालयका प्रधानाध्यापक, विषयगत शिक्षकहरु, अभिभावक तथा विद्यालयसँग सरोकार राख्ने व्यक्तिहरु जसले आफ्नो मनमा लागेका सल्लाह सुझाव दिनुभयो वहाँहरु प्रति पनि आभार व्यक्त गर्दछु । साथै यो शोधपत्र लेखनकार्यमा पारिवारीक रुपमा र अन्य पक्षमा सहयोग गरिदिनुहुने मेरी श्रीमती सीता भट्टराई (सुवेदी)लाई धन्यवाद दिन चाहन्छु । यसै गरी यो शोधपत्रलाई कम्प्यूटर टाइप गरी तयार पार्न सहयोग पुऱ्याउने सरस्वती कम्प्यूटर प्रिन्ट एण्ड डिजाइन हाउस इटहरीका मित्र नरेश दाहाल प्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

पर्शुराम सुवेदी

# शोधसार


राष्ट्रको विकासको लागि शिक्षामा सबैको समान सहभागिता विना व्यक्ति र समुदायको उन्नती सम्भव छैन । देशको आधा जनसंख्या ओगट्ने महिला शिक्षीत नभए सम्म देश विकास अधुरो हुने भएकोले सरकारले महिला शिक्षाको लागि प्रसस्तै लगानी गरेको भए पनि अपेक्षा गरे अनुसार प्रगति हुन सकेको छैन् । विद्यालयमा भर्ना भएका छात्राहरुलाई विद्यालयमा टिकाई राख्न सकिएको छैन । छात्राहरुको कक्षा छोड्ने दर उच्च भएकोले छात्राले किन बीचैमा विद्यालय छोड्छन भनेर अध्ययन गर्न माध्यमिक तहका छात्राहरुले बीचैमा कक्षा छोड्ने कारकतत्वहरुको अध्ययन गर्ने लक्ष्य लिएर यो अध्ययन कार्य गरिएको हो । यस अध्ययनबाट कक्षा छोड्ने कारकतत्व उजागर भएपछि अनुसन्धान कर्तालाई अनुसन्धान गर्न र जिल्ला शिक्षा कार्यलय, स्रोतकेन्द्र, विद्यालय व्यवस्थापन समिति र समुदायलाई शैक्षिक क्षतिलाई कम गर्न समय मै कदम चाल्न सहयोग पुग्ने छ । यस अध्ययनका उद्देश्यहरु माध्यमिक तहका छात्राहरुको पारिवारीक अवस्था पत्ता लगाउनु, शैक्षिक अवस्थाको लेखाजोखा गर्नु, छात्राहरुले कक्षा छोड्ने कारकतत्व पत्ता लगाउनु र कक्षा छोड्ने दर न्यूनिकरणका उपाय सुझाउने रहेका छन् ।

यस अध्ययनलाई सम्पन्न गर्न गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनको जनसंख्यामा मोरङ जिल्ला केराबारी स्रोतकेन्द्र भित्र संचालित सबै सामुदायिक माध्यमिक विद्यालय, ती विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. पदाधिकारी तथा सरोकारवालाहरु रहेका छन् । तथ्याङ्क संकलनका साधनमा प्रश्नावली र अन्तरवार्ता सूचिलाई प्रयोग गरिएको छ । यस अध्ययनलाई सम्पन्न गर्न सांयोगीक नमुना छनोट विधिका साथै उद्देश्यमुलक नमूना छनौट विधि प्रयोग गरिएको छ । यस अध्ययनलाई सम्पन्न गर्ने शिलसिलामा सैद्धान्तिक खाकाको रुपमा मार्क्सवादी महिलाबाद, भाग्यावाद र विकासलाई लिएको छ ।

यस अध्ययनका मुख्य प्राप्तीहरुमा छात्राहरुले घरायसी काममा व्यस्त रहनु पर्ने र पारिवारीक पेशा मुख्य रुपमा कृषि रहेको पाईयो । त्यस्तै एस.एल.सी. सम्म मात्र छोरीलाई पढाउँदा हुन्छ भन्ने भावना पाईयो । छात्राहरुले कक्षा छोड्ने कारकतत्वहरुमा आर्थिक अभाव, छिटो विवाह, कम शैक्षिक उपलब्धी र अभिभावकमा चेतनाको अभाव नै मुख्य रुपमा पाईयो । त्यस्तै गरी भौगोलिक दुरी र सम्बन्धित सरोकारवालाको बेवास्थाको कारणले पनि छात्राहरुले कक्षाहरुले कक्षा छोड्ने गरेको पाईयो ।

यस अध्ययनका मुख्य सुझावहरुमा छात्राहरुको पारिवारीक चेतनाको अभिबृद्धि गर्न सामाजीक सांस्कृतिक, शैक्षिक स्तर उकास्न पहल गर्नु पर्ने, छात्राहरुको भर्ना, नियामितता उपलब्धी दर बढाउन छात्रा उत्प्रेरणा कार्यक्रम संचालन गरिनुपर्ने, घरायसी कार्य बोझ हटाउन अभिभावकले भूमिका खेल्नु पर्ने, छात्राबासको व्यवस्था, विद्यालयको भौतिक व्यवस्थापनमा सुधार, छात्रालाई सिक्नको लागि विद्यालयको वातावरण रमाईलो र विभेद रहित बनाउन पहल गर्नुपर्ने रहेका छन् ।

# विषय सूचि

पृष्ठ

सिफारिस पत्र क

स्विकृति पत्र ख

कृतज्ञता ज्ञापन ग

सोधसार घ-ङ

तालिका सूचि च

सम्बन्धीत शब्दावलीको परिभाषा छ

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १-५

१.२ समस्याको कथन **५-६**

१.३ अध्ययनको औचित्य ६-७

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धानात्मक प्रश्नहरु ७

१.६ अध्ययनको परिसीमा ८

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

२.१. सैद्धान्तीक खाका ९-११

२.२. नितिगत प्रयासहरु ११-१४

२.३ सम्बन्धित साहित्यको समिक्षा १४-१७

२.४ पुनरावलोकनको उपादेयता १७

परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा १८

३.२ अध्ययनको जनसंख्या १८

३.३ नमूनाको आकार १८

३.४ नमूना छनौट विधि १८

३.५ नमूना छनौटको आधार १९

३.६ अनुसन्धानका साधन १९

३.७ साधनको वैधता २०

३.८ तथ्याङ्कका स्रोतहरु २०

३.९ तथ्याङक संकलन प्रक्रिया २०

३.१० .तथ्याङक विश्लेषण प्रक्रिया २१

परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

४.१. छात्राहरुको पारिवारीक अवस्था २२

४.१.१. आर्थिक अवस्था २२-२३

४.१.२. सामाजिक सांस्कृतिक अवस्था २४-२५

४.१.३. अभिभावकको शैक्षिक स्तर २५-२६

४.१.४. भौगोलिक अवस्था २६-२७

४.२. शैक्षिक अवस्था २७

४.२.१ छात्राहरुको भर्नाको अवस्था २७-२८

४.२.२ छात्राको कक्षा पुरा गर्ने दर २८-२९

४.२.३ छात्राको उत्तीर्ण र अनुत्तीर्ण दर २९-३०

४.२.४. छात्राहरुको कक्षा छोड्ने दर ३०-३१

४.३. छात्राहरुले बीचैमा कक्षा छोड्ने कारक तत्वहरु ३१-३२

४.४. छात्राहरुले बीचैमा कक्षा छोड्ने दर न्यूनिकरणका उपायहरु ३३-३४

परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

५.१. प्राप्तीहरु ३५

५.२. निष्कर्ष ३६-३७

५.३ सुझावहरु ३७

५.३.१. नीतिगत तह ३७-३८

५.३.२. कार्यन्वयन तह ३८

५.३.३. अनुसन्धान तह ४०

**अनुसूचि - १ प्रधानाध्यापकका लागि अन्तर्वार्ता सूचि** ४१

**अनुसूचि - २ छात्राका लागि प्रश्नावली** ४२-४३

**अनुसूचि - ३ अभिभावकका लागि प्रश्नावली** ४४-४५

**अनुसूचि - ४ शिक्षकका लागि अन्तर्वार्ता सूचि** ४६

**अनुसूचि - ५ वि.व्य.स. तथा सरोकारवालका लागि प्रश्नावली** ४७

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका १ | : आर्थिक अवस्था | २२ |
| तालिका २ | : सामाजिक सांस्कृतिक अवस्था | २४ |
| तालिका ३ | : अभिभावकको शैक्षिक स्तर | २५ |
| तालिका ४ | : भौगोलिक अवस्था | २६ |
| तालिका ५ | : भर्नाको अवस्था | २८ |
| तालिका ६ | : कक्षा पुरा गर्ने दर | २८ |
| तालिका ७ | : उत्तिर्ण र अनुत्तिर्ण दर | २९ |
| तालिका ८ | : कक्षा छोड्ने दर | ३० |
| तालिका ९ | : कक्षा छोड्ने कारक तत्व | ३३ |
| तालिका १० | : कक्षा छोड्ने दर न्यूनिकरणका उपाय | ३३ |

# सम्बन्धित शब्दावलीको परिभाषा

| | |
|---|---|
| माध्यमिक तह | : माध्यमिक तह कक्षा ९ र १० बुझ्नु पर्छ । |
| प्र.अ. | : प्रधानाध्यापक |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति र सरोकारवाला |
| पारिवारीक अवस्था | : आर्थिक, सामाजिक तथा सांस्कृतिक, भौगोलिक दूरीको अवस्था भन्ने बुझिन्छ । |
| शैक्षिक अवस्था | : भर्नाको अवस्था, नियमितता, उपलब्धि र कक्षा छोड्ने दरलाई बुझ्नु पर्छ । |
| शिक्षक | : शिक्षक भन्नाले माध्यमिक विद्यालयको शिक्षक सम्झनु पर्छ । |
| अभिभावक | : अभिभावक भन्नाले माध्यमिक तहमा अध्ययन गर्ने छात्राका अभिभावक सम्झनु पर्छ । |
| परीक्षामा सामेल | : परीक्षामा सामेल भन्नाले अन्तिम परीक्षामा सामेल संख्यालाई सम्झनु पर्छ र कक्षा १० को हकमा भने एस.एल.सी.मा सामेल संख्या सम्झनु पर्छ । |